# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २३ गते २०३४ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

नगर विकास समिति ऐन, २०१९ को दफा ३ को उप–दफा (१) र सोही ऐनको दफा ४ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय–बमोजिम अध्यक्ष र सदस्य भएको नेपालगञ्ज नगर विकास समिति तथा बोर्डको गठन गरेको छ ।

समितिको गठनः–

| | |
|---|---|
| श्री अञ्चलाधीश, भेरी अञ्चल– | अध्यक्ष |
| श्री प्रधानपञ्च, बाँके नगर पञ्चायत– | उपाध्यक्ष |
| श्री जि. पं. सभापति, बाँके– | सदस्य |
| श्री प्रमुख जिल्ला अधिकारी, बाँके– | सदस्य |
| श्री अध्यक्ष उद्योग वाणिज्य संघ, बाँके– | सदस्य |
| श्री समितिको अध्यक्षबाट मनोनीत २ (दुई) जना व्यक्ति– | सदस्य |
| श्री इन्जिनीयर, सा. नि. शाखा, बाँके– | सदस्य |
| श्री प्रधान अफिसर, बाँके नगर पञ्चायत– | सदस्य–सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बोर्डको गठनः–

| | |
|---|---|
| श्री अञ्चलाधीश, भेरी अञ्चल– | अध्यक्ष |
| श्री जि. पं. सभापति, बाँके– | सदस्य |
| श्री प्र. जि. अ., बाँके– | सदस्य |
| बोर्डको अध्यक्षबाट मनोनीत १ (एक) जना व्यक्ति– | सदस्य |
| श्री प्रधानपञ्च, नेपालगञ्ज नगर पञ्चायत– | सदस्य |

समितिको काम, कर्तव्य र अधिकारः–

१. योजनाको तर्जुमा सम्बन्धमा के कस्तो परिकल्पना गर्न उपयुक्त हुन्छ सोको मोटामोटी रूपरेखा तयार गरी श्री ५ को सरकारबाट स्वीकृत भए अनुरूप कार्यान्वयन गर्ने ।

२. योजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक श्रोत निर्धारण गरी सुझाव पेश गर्ने ।

३. समितिबाट अपनाइने खास सैद्धान्तिक विषयहरू निर्धारण गरी कार्यान्वयन गर्ने ।

आज्ञाले–
नारायणप्रसाद अर्जेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।